नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

पत्र सं.:-२०७८/०७९
चलानी नं.:- ११५

मितिः- २०७८/०७/०४

विषयः- आदेश कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा श्री सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको च.नं. ९५ मिति २०७८/०६/२० को प्राप्त पत्र संलग्न छ। सम्मानीत सर्वोच्च अदालतको आदेश बमोजिम धार्मिक र संकृतिक रुपमा समेत अत्यन्त महत्वपूर्ण रहेको राष्ट्रिय जनावर घोषित गाई सहित गोरु बाच्छा बाच्छीको संरक्षणको लागि आवश्यक सहकार्य, सहयोग र समन्वय हुन साथै सोको कार्यान्वयन अवस्थाको जानकारी श्री सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयमा पठाईदिन हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

<u>बोधार्थः-</u>
श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालय, बबरमहल, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः-E-mail मार्फत जानकारी गराइदिनु हुन।

श्री सर्वोच्च अदालत
फैसला कार्यान्वयन निर्देशनालय

बबरमहाल, काठमाडौ
फोन नं.०१-४२५९६०२
फोन नं.०१-४२४८२५१
Web:www.supremecourt.gov.np
Email:jed@ supremecourt.gov.np

पत्र संख्या: ०७८/०७९
चलानी नं ९५

मिति २०७८/०६/२०

बिषयः आदेश कार्यान्वयन सम्बन्धमा ताकेता ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ,
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरबार,काठमाण्डौ।
श्री संघीय मामिला तथा सामान्य प्रशिन मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरबार, काठमाण्डौ।
श्री वन तथा वातावरण मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरबार, काठमाण्डौ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरबार, काठमाण्डौ।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरबार, काठमाण्डौ।
श्री पशु सेवा विभाग, (कानून शाखा) हरिहरभवन, ललितपुर।

उपरोक्त सम्बन्धमा निवेदक पदम बहादुर श्रेष्ठ र विपक्षी ताँहा कार्यालय/मन्त्रालय/विभाग समेत भएको रिट नं ०७५-w०-०८४३ को परमादेशको रिट निवेदनमा सम्मानित श्री सर्वोच्च अदालतबाट मिति २०७६/०१/०८ मा आदेश जारी भएकोमा उक्त आदेशको प्रतिलिपी महान्यायाधिवक्ताको कार्यालय मार्फत प्राप्त भएकै होला।

श्री सर्वोच्च अदालतको मिति २०७६/०१/०८ को आदेशमा **"...संविधानतः राष्ट्रिय जनावर घोषित गाईसहित गोरु बाच्छा बाच्छीको संरक्षणसंग सम्बन्धित देखियो। माथि विभिन्न खण्डमा गरिएको बिश्लेषणबाट यी जनावरहरुको संरक्षण धार्मिक र साँस्कृतिक रुपमा समेत अत्यन्त महत्वपूर्ण तथन पुनित कार्य देखिन्छ। यसमा पूर्ण समर्पण र तन्मयताका साथ कार्य गर्नु पर्ने दायित्व संविधान एव् कानुनी रुपमा समेत राज्यको हुंदा जैंहा जैंहा समस्या देखिएको छ। त्यौंहाको प्रदेश तथा स्थानीय तहहरु समेतको सहकार्य, सहयोग र समन्वयमा त्यस्ता छाडा**

पशुको साथै किसानले पालिरहेका पशुपन्छीको तथ्याङ्क संकलन, पालिएका पशुहरु पहिचान हुन सक्ने गरी ट्यागिङ गर्ने र कम्पयूटर प्रविधिको माध्यमले समस्या ग्रस्त क्षेत्रमा पहिलो चरणमा र त्यस पछि देशैभरि पशुहरुको तथ्याक लिने ब्यस्था मिलाउने, किसानलाई गाई गोरु लगायतका पशुहरुको बिमा गर्न प्रोत्साहन तथा लाग्ने खर्चको निश्चित भाग अनुदानको रुपमा सहयोग गर्ने र सीमा पारिबाट गाई गोरु अबैध रुपमा भित्रिने अवस्था रहे त्यसको अन्त्य गर्ने आवश्यक देखिए कुटनितिक रुपमा पहल गर्ने, प्रत्येक नगरपालिका तथा गाँउपालिकाको तहमा बहुपक्षीय संलग्नता र समन्वयमा संरक्षण केन्द्र,अस्थायी स्याहार केन्द्र खोली छाडा छोडिएका गाई वस्तुहरुको स्याहार सम्भार हुने प्रवन्ध गर्ने, प्रत्येक स्थानीय तहमा सार्वजनिक जग्गाको संरक्षण गरी बैज्ञानिक रुपमा गौचरण ब्यवस्थापन गर्ने र सामुदायिक वनहरुमा घाँसे रुखहरु रोपी हिउँदमा किसानहरुले सहजरुपमा घाँस पाउने ब्यवस्था मिलाउने,गाई गोरुको नस्ल र स्वास्थ्य समेत सुधार गरी ब्यसायिक रुपमा उपयोगी नस्लका गाई गोरु पाल्न र निवृत पशुको स्याहार गर्न किसानहरुलाई सहयोग र प्ररित गर्ने नेपालमा मात्र पाइने स्थानीय जातका गाईहरु लगायतका पशुहरुको आनुवांशिक विविधताको (Genatic Diversity) संरक्षण गर्न राष्ट्रिय रुपमा विशेष कार्यक्रम संचालन गर्न, गाई गोरुको हत्या अकाल मृत्यु आदिमा किसान वा संरक्षणको जिम्मा लिएको पदाधिकारी लगायत सो कार्यमा संलग्न कसैको नियत, हेलच्क्राई, लापरवाही वा उपेक्षा जिम्मेदार रहेको देखिए कानून बमोजिम कारवाही समेत हुन सक्ने हुँदा यो बिषयको प्रचार प्रसार गर्नुका साथै नियतवस गरिएको कारण कानून बमोजिम कारवाही समेत गर्नु पर्ने अवस्था देखिए कानून बमोजिम कारवाही गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ...।" भन्ने समेत व्यहोराको आदेश भएको देखिन्छ।

सम्मानित श्री सर्वोच्च अदालत को उपरोक्तानुसारको आदेश कार्यान्वयनको सम्बन्धमा यस निर्देशनालयको च.नं.७७८ मिति २०७७/०३/०५ मा पत्रचार गरिएकोमा हालसम्म जवाफ प्राप्त भएको नदेखिदा ताकेताका साथ पत्रचार गरिएको छ। उल्लेखित आदेश कार्यान्वयन भएको छ छैन, नभएको भए यथाशिघ्र कार्यान्वयन गरि गराई सो को जानकारी यस निर्देशनालयमा पठाईदिनु हुन अनुरोध छ।

जीवनकुमार भण्डारी
निर्देशक